# नेपालगन्जउपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### नेपालगन्ज, बाँके

**सटर र सभाहल भाडामा दिने सम्वन्धि सूचना ।**

**(प्रथमपटक प्रकाशित मिति : २०७८/०९/०९ गते)**

यस नेपलागन्जउप–महानगरपालिकाको वडा नं १० गोसाईगाउँमा बनेका नयाँ ९वटा सटरहरु र एउटा सभाहल भाडामा संचालन गर्नको लागि तपसिलका शर्तका अधिनमा रहने गरी वढावढमा भाडामा लिन चाहने ईच्छुक व्यक्ति,व्यवसायिक फर्म, संघसंस्थाहरुलाई १५ (पन्ध्र) दिने शिलबन्दी निवेदन पेश गर्नको लागि सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा स्थायी लेखानम्बर प्रमाणपत्र/ मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।

२.प्रस्ताव फारम दस्तुर प्रति सटर तथा सभाहल (सटर र सभाहल एममुष्ठको समेत) रु.१००।-(फिर्ता नहुने गरी) तिरी कार्यालय/सम्बन्धित वडा कार्यालयबाट उपलब्ध हुनेछ ।

३..न्यूनतम मासिक भाडा फरक/फरक ब्यक्ति/संस्थाले लिन चाहेमा प्रतिसटर रु.२,०००।–(दुई हजार) र सभाहलको रु.५,०००।–( पाँच हजार ।) तथा एकै ब्यक्ति/संस्थाले सबै सटर र सभाहल एकमुष्ठ लिन चाहेमा रु.२०,०००।–(वीस हजार) हुनेछ ।

४. सम्झौता अवधि सम्झौता भएको मितिले **५**वर्षको हुनेछ ।

५. प्रस्ताव स्वीकृत भैसकेपछि मासिक कवोल अंकको २ महिना वरावरको रकम उपमहानगरपालिकाको धरौटी खातानं.ग-३-४१३०१००३०३००००२ मा राख्नुपर्नेछ ।

६. प्रस्ताव स्वीकृत भैसके पछि स्वीकृती भएको सूचना प्रकाशित मितिले ७ दिनभित्र धरौटी रकम र अग्रिम भाडा रकम बुझाई सम्झौता गर्नुपर्नेछ । म्यादभित्र सम्झौता गरी रकम बुझाउन नआएमा धरौटी जफत गरी अन्यकानाममा न्यूनतम भन्दा क्रमशः बढि कबोल अंकभएका प्रस्ताववालाका नाममा स्विकृत भैजानेछ ।

७. भाडा रकम प्रत्येक महिनामा बुझाउनु पर्नेछ । उक्त मितिमा दाखिला नगरेमा प्रतिदिनको रु.१००।- का दरले जरिवाना बुझाउनु पर्नेछ । एक महिनाको अवधि सम्म जरिवाना र भाडा रकम नबुझाएमा राखेको धरौटी रकमबाट कट्टागरि असुलउपर गरी कार्यालयबाट सटर खाली गराईनेछ ।

८. सटर तथा सभाहल खाली गर्ने सम्बन्धमा दुवै पक्षले एक महिना अगावै जानकारी गराउनुपर्नेछ, जानकारी नदिई खालीगर्न/गराउनचाहेमा एक पक्षले अर्को पक्षलाई २ महिना वरावरको भाडा रकम क्षतिपूर्ति वापत दिनुपर्नेछ ।

९.सम्झौताअवधि समाप्त भएपछि उपमहानगरपालिकाले तोकेको शर्त पालनागर्ने गरि म्याद थप गर्न वा हटाउन सक्नेछ ।

१०.सटर र सभाहल भाडामा लिने पक्षले जुन अवस्थामा बुझेको हो सम्झौता अवधि समाप्त भएपछि साविककै अवस्थामा बुझाउनुपर्नेछ, अन्यथा नोक्सानीको विवरण वमोजिम क्षतिपूर्ति भराई धरौटी रकम फिर्ता दिईनेछ ।

११.पानी र विजुलीको विलको रकम भाडावाला स्वयंले बुझाउनु पर्नेछ।

१२. कुनै पनिशर्त राखेको प्रस्ताव स्वीकृत हुनेछैन र निम्न अनुसारका प्रकृया पुरा नभएका प्रस्ताव स्वतः अस्वीकृत हुने छन्:-

क) प्रस्ताव फारममा दस्तखत नभएको ।

ख) प्रस्ताव फारममा केरमेट भएको वा सच्याईएको ठाउँमा दस्तखत नभएको ।

१३.प्रस्ताव फारम लिने अन्तिम मिति प्रकाशित सूचनाको मितिले **पन्ध्रौंदिन** कार्यालय समय भित्र ।

१४. प्रस्ताव दाखिल गर्नुपर्ने अन्तिम मिति प्रकाशित सूचनाको मितिले **सोह्रौं दिन** कार्यालय समयभित्र ।

१५. प्रस्ताव खोलीने मिति र स्थानः- सूचना प्रकाशित भएको मितिले **सत्रौं दिन** कार्यालयमा समय भित्र।

१६.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१७. प्रस्ताव फारम स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१८. यो सूचना कार्यालयको वेवसाईट www.nepalgunjmun.gov.np बाट समेत हेर्न सकिनेछ ।

विस्तृत जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।